माथागढी गाउँपालिकाको

# आ.व. २०८२/८३ को

# वार्षिक बजेट, योजना तथा कार्यक्रम

प्रस्तुतकर्ताः- विष्णुमाया लुङ्चे

सभामा पेश गरेको मितिः-२०८२ असार १० गते

सम्मानीत गाउँसभाका अध्यक्षज्यू,

संघीय लोकतान्त्रिक शासन व्यवस्था अन्तर्गत माथागढी गाउँपालिकाको दोस्रो आवधिक कार्यकालका लागि जनमतबाट निर्वाचित भई समृद्ध माथागढी निर्माणको अभियानमा निरन्तर अघि बढिरहेका छौं। लोकतन्त्रको यस्तो उन्नत परिपाटी स्थापना गर्न अमूल्य योगदान पुऱ्याउनुहुने सम्पूर्ण अग्रजहरुको त्याग र बलिदानीको उच्च सम्मान व्यक्त गर्दै यस गरिमामय सत्रौं गाउँसभाको अवसरमा सर्वप्रथम राष्ट्र र जनताको लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने वीर शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।

माथागढी निवासी जनताहरुको विकासको सपनालाई साकार गर्न वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने यो मौका उपलब्ध गराउनुहुने सम्पूर्ण माथागढीवासी प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

वार्षिक वजेट गाउँपालिकाको वार्षिक गतिविधिहरुको सम्पूर्ण योजना हो र यस योजनालाई कार्यरुप दिन सबै क्षेत्रको आ-आफ्नो क्षेत्रबाट महत्त्वपूर्ण योगदान हुने कुरा स्मरण गराउँदै सोही अनुरुप इमान्दारीपूर्वक सहयोगको अपेक्षा लिएकी छु ।

स्रोतको सीमितताका बावजुद् नागरिकका असीमित आवश्यकताहरुलाई स्थानीय सरकारले सम्बोधन गर्नुपर्ने अपेक्षाका बिचमा आवश्यकताहरुलाई प्राथमिकीकरण गर्दै यथासम्भव सन्तुलित रुपमा कार्यक्रमहरुको प्रस्ताव गरिएको छ। यस वर्ष समेट्न नसकिएका कार्यक्रम तथा योजनाहरुले क्रमशः आगामी वर्षहरुमा स्थान पाउने कुरा आश्वस्त पार्न चाहन्छु।

आर्थिक वर्ष २०८२।०८३ को बजेट तर्जुमा क्रममा गाउँसभाले पारित गरेको आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रमलाई केन्द्रविन्दुमा राख्दै, नेपालको संबिधान, स्थानिय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त हस्तान्तरण ऐन २०७४, संघिय र प्रादेशिक तथा स्थानीय आवधिक योजना, नेपाल सरकार र प्रदेश सरकारको आ.व. २०८२।०८३ को नीति कार्यक्रम तथा बजेट, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिवद्धता, दिगो विकासका लक्ष्यहरु, स्थानीय ऐन तथा कानून, गाउँपालिकामा रहेका विभिन्न समितिहरुहरुको सुझावहरु, वडा समितिवाट आएका वजेट कार्यक्रम तथा सुझावहरु, गाउँपालिका क्षेत्रभित्रका विषयविज्ञ, सम्पूर्ण निर्वाचित पदाधिकारीहरु, राजनैतिक दल, नागरिक समाज, विभिन्न समूह, संगठन तथा गैरसरकारी संस्था तथा कर्मचारीहरुबाट प्राप्त सुझाव सल्लाहलाई समेत मार्गदर्शनको रुपमा लिएकी छु ।

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेटका  सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता, अवसर र चुनौतिको वारेमा सभा समक्ष पेश गर्न चाहान्छु।

**सोचः हाम्रो माथागढी हाम्रो शान, समृद्ध माथागढी हाम्रो पहिचान**

**लक्ष्यः संविधान र स्थानीय सरकार सञ्चालन ऐनको मर्म अनुरुप स्थानीय नागरिकलाई श्रोत, साधन र अधिकार सम्पन्न बनाई गाउँपालिकालाई समृद्ध बनाउने।**

**उद्देश्यः**

(क) दिगो विकास लक्ष्य प्राप्ति एवं कृषि क्षेत्रको विकास मार्फत उत्पादनशील रोजगारी सिर्जना गर्नका लागि साझेदारीका कार्यक्रमहरु कुशलतापूर्वक सञ्चालन गर्ने ।

(ख) सहभागितात्मक पद्धतिको अवलम्बनद्वारा समावेशी विकास गर्ने ।

(ग) न्यूनतम ग्रामीण पूर्वाधारहरुको विकासद्वारा जनजीविकालाई सहज तुल्याउने ।

(घ) गुणस्तरीय शिक्षा तथा प्राथमिक एवम् आधारभूत स्वास्थ्यमा माथागढीवासी सम्पूर्ण जनताको पहुँच सुनिश्चित गर्ने।

(ङ) गाउँपालिकाको सेवा प्रवाहलाई आधुनिक र प्रविधिमैत्री बनाई सेवा प्रवाहमा सुशासनको प्रत्याभुति दिलाउने ।

**प्राथमिकता**

क) आधारभूत स्वास्थ्य सुविधामा पहुँच सबै नागरिकको पहुँच स्थापित गर्ने।

ख) गाउँपालिका भित्रै रोजगारी सृजना गर्न साझेदारीका कार्यक्रमहरु प्रभावकारी बनाउने ।

ग) गाउँपालिकाको अधुरा तथा क्रमागत आयोजनाहरु शीघ्र सम्पन्न गर्ने ।

घ) सूचना तथा सञ्चार प्रबिधीलाई गाउँ स्तर सम्म बिस्तार गरी प्रविधीमैत्री सेवा प्रवाहलाई निरन्तरता दिने ।

ङ) शीघ्र प्रतिफल दिने र आगामी वर्ष भित्र सम्पन्न हुने अधुरा आयोजनाको कार्यान्वयन गर्ने ।

च) सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र सर्वसुलभ बनाई नागरिकको पहुँचमा अभिवृद्धि गर्ने ।

**विद्यामान अवसरहरु**

१. संविधानतः स्थानीय सरकारका २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।
२. आफ्ना अधिकार क्षेत्रका बिषयहरुमा, ऐन, कानुन र योजना तर्जुमाको अभ्यास हुनु।

३. प्रचुर मात्रामा प्राकृतिक श्रोतको भण्डार रहनु, जसको उपयोगबाट आयआर्जन बढाउन सक्ने अवस्था रहनु।
४. न्युन मात्रमा भए पनि प्राकृतिक स्रोतको परिचालनबाट रोयल्टी प्राप्त हुनु ।
५. धार्मिक, पर्यटकीय तथा ऐतिहासिक क्षेत्रको प्रचारप्रसार गर्न सकेको खण्डमा पर्यटकीय गन्तव्य क्षेत्र बनाउन सकिने अवस्था रहनु।
६. माथागढी गाउँपालिका अन्तर्गतका फाँटहरुमा उचित सिंचाईको प्रबन्ध गरी उत्पादन र उत्पादकत्व बढाउन सकिने सम्भावना रहनु ।
७. तेजपत्ता, अम्रिसो साथै स्थानीय कृषि उपजहरुको राम्रो उत्पादन क्षेत्र रहनु।
८. तराईको ठूलो बजार क्षेत्रसँग जोडिएको भौगोलिक अवस्थितिले उत्पादित खाद्य वस्तुहरुको विक्रि वितरण मार्फत आयआर्जन गर्न सकिने अवस्था रहनु।

**विद्यमान चनौतीहरु**

१. सिमित स्रोतसाधनबाट असिमित अपेक्षाहरु सम्बोधन गर्नु पर्ने अवस्था रहनु।
२. विषम भौगोलिक विविधताको कारण विकासका गतिविधि संचालन गर्न कठिनाई हुनु।
३. अशिक्षा, सामाजिक चेतनाको कमी, परम्परागत निर्वाहमुखि खेती प्रणाली विद्यमान रहनु ।
४. गाउँमै रोजगारी सिर्जना हुन नसक्दा युवा जनशक्ति विदेश पलायन हुनु।
५. गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक श्रोतसाधनको उच्चत्तम उपयोग गर्न नसकिनु
६. दक्ष जनशक्तिको अभावमा आवश्यक कानुन निर्माण गर्न नसकिनु।
७. एकिकृत सम्पतीकर प्रणाली र नक्शापास सम्बन्धी मापदण्ड प्रभावकारी रुपमा कार्यन्वयन गर्न नसकिनु ।
८. फोहोरमैला व्यवस्थापन प्रभावकारी रुपमा गर्न नसकिनु।

आदरणीय गाउँसभाका अध्यक्षज्यू,

सर्वप्रथम म आर्थिक वर्ष २०८१।०८२ को वित्तिय प्रगति पेश गर्न चाहान्छु।

- चालु आर्थिक वर्षमा कुल बजेट ६२ करोड ७ लाख ५१ हजार ९ सय ६४ रहेकोमा हालसम्म चालु तर्फ रु २८ करोड ११ लाख १६ हजार ८ सय ९१ र पुँजिगत तर्फ ६ करोड ९० लाख ५५ हजार ४ सय ८४ गरि कुल जम्मा बजेटको ६१.३४ प्रतिशत खर्च भएको छ।

अव म आ.व २०८२।०८३ को क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको प्रस्तावित अनुमान प्रस्तुत गर्दछु।

१. आगामी आर्थिक वर्ष २०८२।०८३ को आन्तरिक राजश्व तर्फ रु १ करोड ६४ लाख ४५ हजार संकलन हुने अनुमान गरेकी छु।आगामी वर्षको लागि सम्पत्ति कर रु ५ लाख, भुमिकर रु. ६ लाख, घर बहाल कर ६ लाख, बहाल विटौरी कर २ लाख, सवारी साधन कर २० हजार, प्रशासनिक सेवा शुल्क २ लाख, नक्सा पास दस्तुर ५ लाख, सिफारिस दस्तुर १० लाख, ब्यक्तिगत घटना दर्ता दस्तुर ५ लाख, नाता प्रमाणित दस्तुर १ लाख, व्यवसाय रजिष्टेशन दस्तुर २ लाख, प्रशासनिक दण्ड जरिवाना र जफत

५० हजार, बेरुजु असुली २ लाख, वातावरणीय शुल्क रु ४० लाख र अन्य शिर्षक समेत गरी कुल आन्तरिक राजस्व १ करोड ६४ लाख ४५ हजार रहने अनुमान गरिएको छ ।

२. यस वर्ष प्राप्त हुने वित्तीय संघीय समानिकरण अनुदान १० करोड ६५ लाख, शसर्त अनुदान चालु तर्फ २७ ६२ लाख, र विशेष अनुदान ९० लाख र समपुरक अनुदान ८९ लाख प्राप्त हुने सुनिश्चितता भएको छ ।

३. त्यस्तै लुम्बिनी प्रदेशबाट वित्तिय समानिकरण अनुदान रु ७१ लाख ६ हजार, ससर्त अनुदान १ करोड र समपुरक अनुदान ७५ लाख, विशेष अनुदान रु १७ लाख प्राप्त हुने सुनिश्चितता भएको छ।

४. राजश्व बाँडफाड तर्फ संघीय सरकार मार्फत मूल्य अभिवृद्धि रु ८ करोड ४ लाख २५ हजार ५ सय अन्ठानब्बे तथा अन्तशुल्क वाँडफाँड तर्फ रु २ करोड ६८ लाख ८ हजार ५ सय ३३ रुपैयाँ , वन रोयल्टी ९३ हजार ९ सय ९६, घर जग्गा रजिष्ट्रेशन दस्तुर २० लाख र खानी तथा खनिज रोयल्टी तर्फ १ करोड ६६ लाख ६६ हजार ७२६ को अनुमान प्राप्त भएको छ भने लुम्बिनी प्रदेशबाट सवारी साधन राजस्व वाडफाडमा १ करोड ४७ हजार प्राप्त हुने अनुमान गरिएको छ।यसै गरी वाँडफाँडबाट प्राप्त दहत्तर बहत्तर रु १८ लाख अनुमान गरिएको छ।राजस्व वाँडफाँड तर्फ जम्मा रकम रु १३ करोड ७८ लाख प्राप्त हुने सुनिश्चिता भएको छ।

५. चालु आ.व.को कार्य सम्पादन पश्चात् अल्या बैक मौज्दात ६ करोड रहने अनुमान गरिएको छ।

६. अगामी आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि रकम रु. ६४ करोड ११ लाख ९२ हजार ८ सय ५४ विनियोजन गरिएको छ ।

७. कुल विनियोजन मध्ये अनुमानित चालु तर्फ रु. ४३ करोड २६ लाख ९२ हजार ८ सय ५४ रुपैया र पुँजीगत तर्फ २० करोड ८५ लाख रहेको छ ।

८. आगामी आ.व.मा बजेटका क्षेत्रगत प्राथमिकताहरुलाई प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सामाजिक विकास**

**शिक्षा**

गाउँपालिका क्षेत्रभित्रका विभिन्न विद्यालयहरुको पूर्वाधार विकास तथा अन्य व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेकी छु। संघिय शसर्त मार्फत दिव्यज्योती मा.वि. घेरावार, पर्खाल, शौचालय तथा क्यान्टिन निर्माणका लागी ९० लाख व्यवस्थापन गरीएको छ। विद्यालयमा कक्षागत, तहगत र विषयगत आधारमा पालिका अनुदान शिक्षक व्यवस्थापन तथा तलब भत्ता र बाल विकास शिक्षिका, कार्यालय सहयोगी र विद्यालयका अन्य कर्मचारी व्यवस्थापन तथा तलब भत्तामा रु १ करोड ७० लाख रकम विनियोजन गरेकी छु।सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ५ सम्मका विद्यार्थीहरुलाई संघीय शशर्त अनुदानबाट दिवा खाजा उपलब्ध गराईँदै आएकोमा गत साल देखि कक्षा ६ का विद्यार्थीलाई समेत प्रदान गरिएको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेकी छु। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न विद्यार्थी अभिभावक सचेतना कार्यक्रम, विषयगत शिक्षक प्रधानाध्यापक क्षमता अभिवृद्धि तालिम जस्ता कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरेकी छु।त्यसै गरी समग्र शिक्षण प्रणालीलाई व्यवस्थित गर्ने उद्देश्यले विभिन्न संघ संस्थाको

सहकार्यमा गुणस्तरिय शिक्षा गुणस्तरिय स्कूल (QEQS) कार्यक्रमका लागि २० लाख विनियोजन गरेकी छु। अनाथ बालबालिकाहरुलाई गाउँपालिकाले अभिभावकत्व लिदै मा.वि. तह सम्मको शिक्षाका लागि आवश्यक बजेट व्यवस्था मिलाइएको छ।विद्यालयको संस्थागत सुधार तथा शैक्षिक गुणस्तर अभिवृद्धिमा हरेक सामुदायिक विद्यालयका प्रध्यानाध्यापकलाई जिम्मेवार बनाउन प्रध्यानाध्यापक प्रोत्साहन भत्ता, शिक्षक ल्यापटप खरिद, शिक्षक कर्मचारी दुर्घटना विमा लगायतका कार्याक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेकी छु। विद्यालयमा कार्यरत शिक्षिका प्रसुति विदामा रहँदा विद्यालयको पठनपाठनमा पर्ने असरलाई कम गर्न सट्टमा स्वयंसेवक शिक्षक व्यवस्थापन गर्न रु १० लाख विनियोजन गरेकी छु। शिक्षा क्षेत्र तर्फ विभिन्न कार्यक्रमका लागि गाउँपालिकाको तर्फबाट कुल ३ करोड ५८ लाख विनियोजन गरेकी छु।

**स्वास्थ्य**

निर्माणाधीन १५ शैयाको अस्पताल सम्पन्न गरी सञ्चालन गर्न संघ तथा प्रदेशसँग समन्यवमा आवश्यक बजेट व्यवस्था गरिने छ ।विपन्न सहयोग कार्यक्रम, घरघरमा स्वास्थ्यकर्मी कार्यक्रम, उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम लगायतका कार्यक्रमलाई परिमार्जन सहित यस बर्ष पनि निरन्तरता दिइएको छ, त्यसको लागि आवश्यक बजेट विनियोजन गरेकी छु। विपन्न नागरिकहरुलाई स्वास्थ्य उपचारमा पहुँच पुऱ्याउने उद्देश्यले विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रमको लागि रु २० लाख, संस्थागत सुत्केरी प्रोत्साहन कार्यक्रमको लागि रु ९ लाख, स्वास्थ्य संस्थाको औषधि तथा रिएजेन्ट खरिदका लागि रु ३० लाख तथा स्वास्थ्य तर्फका कर्मचारीको तलब भत्ता तथा पोशाक खर्चको लागि रु १ करोड १२ लाख बिनियोजन गरेकी छु।परम्परागत उपचार पद्धति तथा विद्यालय योग शिक्षा संचालनको आवश्यक बजेट विनियोजन गरेकि छु।महिला स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन तथा बिमा कार्यक्रम, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीको लागि क्षमता विकासका विभिन्न कार्यक्रमलाई निरन्तरता प्रदान गरिएको छ।स्वास्थ्य क्षेत्रमा कूल २ करोड ७१ लाख ६२ हजार गाउँपालिकाको तर्फबाट बजेट विनियोजन गरेकी छु।

**खानेपानी**

खानेपानी नपुगेका गाउँपालिका क्षेत्रभित्रका वस्तिहरुमा खानेपानी सुविधा उपलब्ध गराउन अधुरा क्रमागत योजनाहरुलाई पुर्णता दिन आवश्यक रकम छुटयाइएको छ । खानेपानीका मुहान संरक्षण, खानेपानी प्रणाली सुधार, १ घर १ धारा कार्यक्रमलाई निरन्तरता दिएकी छु।सिचाई पाईप खरीदका लागी रु १० लाख विनियोजन गरेकी छु।

**लक्षित वर्ग लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

माथागढी गाउँपालिकामा बालमैत्री स्थानीय शासन कार्यान्वयन गरी बालमैत्री गाउँपालिका घोषणागरी बालबालिकाको चौतर्फि विकासलाई बढवा दिन बालमैत्री स्थानीय शासन कार्यक्रम संचालनको लागि रु २० लाख बजेट विनियोजन गरेकी छु।महिलाहरुको सीप विकास गरी उद्यमशिल बनाउन विभिन्न सीप विकास कार्यक्रमको लागि रु २० लाख बजेट विनियोजन गरेकी छु।त्यसै दलित, जेष्ठ नागरिक, अपाङ्ग, एकल तथा पिछडिएका महिला, जनजाति तथा अन्य लक्षित समुदायको सशक्तिकरण तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गर्न रु

१५ लाख बजेट विनियोजन गरेकी छु। दलित समुदायको सीप विकासका लागी थप ५ लाख बजेट व्यवस्थापन गरेको छु। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक क्षेत्र तर्फ रु कूल ७९ लाख ५० हजार विनियोजन गरेकी छु।

न्यायिक समिति तथा मेलमिलाप कर्ताहरुको लागि पुनर्ताजगी तथा भौतिक व्यवस्थापनको लागि रु १० लाख विनियोजन गरिएको छ।

## युवा तथा खेलकुद

गाउँपालिका क्षेत्रभित्रका युवाहरुको सीप विकास गरी उनीहरुलाई आत्मनिर्भरता तर्फ उन्मुख गराउन युवा सीप विकास कार्यक्रममा रु १५ लाख विनियोजन गरेकी छु। युवा सचेतना कार्यक्रम खेलकुद प्रशिक्षण तथा खेलसम्बन्धी अन्य कार्यक्रममा आवश्यक बजेट विनियोजन गरेकी छू। माथागढीलाई खेलकुदको माध्यमद्वारा परिचित गराउन खेल मैदानहरुको निर्माण तथा सुधार खेल प्रतियोगिताहरुको आयोजना, युवाहरुलाई खेलकुद सामग्री वितरण लगायतका कार्यक्रमको लागि आवश्यक व्यवस्था गरेकी छु। यस्तै खेलकुद प्रशिक्षण कार्यक्रमका लागी रु ८ लाख विनियोजन गरेकी छु।

## आर्थिक विकास

## कृषि तथा पशु पन्छी विकास

कृषकहरुलाई कृषि उत्पादनमा आकर्षित गरि पालिकालाई कृषिमा आत्मनिर्भर बनाउन उत्पादना आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिन १५ लाख बजेट विनियोजन गरेकी छु। कृषि पकेटका कार्यक्रमहरुलाई निरन्तरता दिन रु १३ लाख बजेट विनियोजन गरिएको छ। कृषिलाई रोजगारीसँग जोड्न विभिन्न प्रविधि, बिउविजन लगायत प्राविधिक सहयोगका कार्यक्रमलाई निरन्तरता दिइएको छ कृषि यान्त्रीकरणका लागी निरन्तरता दिन रु २० लाख विनियोजन गरिएको छ। वाली बीमा गर्नको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ। माटो सुधार गरी विषादी रहित उत्पादनलाई प्रोत्साहन गर्न जैविक विषादी प्रवर्द्धन माटो परिक्षण शिविर लगायतका कार्यक्रमको ६ लाख बजेट विनियोजन गरेकी छु। त्यस्तै पशुपन्छी औषधी खरिदको लागि रु १० लाख विनियोजन गरिएको छ। त्यसै गरी भकारो सुधार तथा वंगुर/बाख्राको खोर सुधार गरी पुशपालन व्यवसायलाई प्रोत्साहन गर्न भकारो तथा खोर सुधार कार्यक्रममा रु १५ लाख बजेट विनियोजन गरिएको छ। कृषि तथा पशु क्षेत्रको समग्र विकासको लागि आवश्यक कार्यक्रम संचालन गर्न रु १ करोड ६७ लाख ५० हजार बजेट विनियोजन गरेकी छु।

## उद्योग, नवप्रवर्तन तथा उद्यमशिलता विकास र रोजगार प्रवर्द्धन कार्यक्रम

गाउँपालिका क्षेत्रभित्र लघु उद्यम स्थापना गर्न तथा कृषि क्षेत्रलाई आवश्यक पर्ने प्राङ्गारिक मलको परिपुर्ति गर्न प्राङ्गगारिक मल कारखाना उद्योग स्थापनामा सहजीकरण गर्न रु १६ लाख बजेट विनियोजन गरेकी छु। रोजगार प्रवर्द्धर्न कार्यक्रमको संघिय साझेदारीमा कार्यक्रम संचालन गर्न रु २१ लाख ७२ हजार विनियोजन गरेकि छु। गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको साझेदारीमा कार्यक्रम संचालन गर्न नवप्रवर्तन

कार्यक्रममा  आवश्यक बजेट विनियोजन गरेकी छु। आरन उद्योग प्रोत्साहनका लागी रु ४ लाख विनियोजन गरेकी छु। दुना टपरी लघु उद्यमलाई प्रोत्साहन गर्ने उद्देश्यले उत्पादित दुना टपरीमा अनुदान प्रदान गर्नको लागि ५ लाख विनियोजन गरेकी छु। मसला उद्योगको कच्चापदार्थ व्यवस्थापन हुने गरी अदुवा/बेसार उत्पादनलाई प्रवर्द्धन गर्न रु १० लाख विनियोजन गरेकी छु। यसै गरी संकटमा रहेको ढाका उद्योग संचालन तथा प्रोत्साहनका लागी रु १० लाख बजेट विनियोजन गरेकी छु।

**पूर्वाधार विकास**

**सडक तथा यातायात**

रहवास मटेरी सडकको स्तरोन्नती गर्न रु ५० लाख विनियोजन गरेकी छु। साथै यस्तै संघिय समपुरक अनुदान तथा पालिका समपुरक साझेदारीमा मोहनचौपारी- मान्के सोले दोहोरा हुँदै फेदी मोटरबाटो निर्माणका लागी रु १ करोड ७८ लाख बजेट व्यवस्थापन गरीएको छ। यस्तै प्रदेश समपुरक योजना सराई एकलेबर सिकारकोट ओलेस सिलङ्गी रिङरोडका लागि लागि रु १ करोड ५० लाख विनियोजन गरिएको छ । त्यस्तै केरौली लाईखोला बहादुरपुर सडकको लागि रु ५० लाख छुट्याइएको छ। प्रशासकीय भवन पहुँच मार्गमा पर्ने डल्लेरह बक्स क्लभर्ट निर्माणका लागी रु २५ लाख विनियोजन गरेकी छु। त्यस्तै रम्भा गाउँपालिका र माथागढी गाउँपालिका जोड्ने गोतामे घाट सडक  खण्डमा कल्भर्ट निर्माणको लागि साझेदारी स्वरुप रु ४० लाख विनियोजन गरेकी छु। पुरनपानिमा फड्के पुल निर्माणका लागी रु ४ लाख बजेट विनियोजन गरेकी छु। गाउँपालिका क्षेत्रभित्रका मुख्य तथा भित्रि सडकहरुको स्तरोन्नि गर्नको लागि आवश्यक बजेट विनियोजन गरेकी छु। निर्माणाधिन अधुरा र रणनीतिक महत्वका सडक तथा पैदल मार्गका लागि आवश्यक रकम छुटयाइएको छ।

**भवन तथा आवास**

गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्यलाई निरन्तरता दिन रु १ करोड बजेट विनियोजन गरेकी छु। दिनानुदिन शहरीकरण तथा वस्ति विकास भइरहेका स्थानहरुलाई मध्येनजर गर्दै सभाहलको निर्माणको लागि रु ३० लाख क्रमागत बजेट विनियोजन गरेकी छु। प्रहरी चौकी भवन निर्माणका लागी २५ लाख बजेट विनियोजन गरेकी छु। यस्तै विभिन्न सार्वजनिक भवन तथा शौचालयहरु निर्माणको लागि आवश्यक रकम छुट्याइएको छ ।

पूर्वाधार क्षेत्रतर्फ करिव १० करोड विनियोजन गरेकी छु।

**विपद व्यवस्थापन, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र**

आकस्मिक रुपमा आइपर्न सक्ने विभिन्न विपदहरुको सामना गर्नको लागि ५० लाख बराबरको विपद् व्यवस्थापन कोषको व्यवस्थापन गरिएको छ। विभिन्न पर्यटकीय क्षेत्रहरुको विकास तथा निर्माणको लागि १० लाख बजेट बिनियोजन गरिएको छ। गाउँपालिका भित्र विभिन्न योजनाहरु लागत साझेदारीमा सञ्चालन गर्न रु ५० लाख विनियोजन गरिएको छ। सहकारीहरुको नियमन तथा क्षमता विकासको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ। कर्मचारीहरुको तलब, महँगी भत्ता लगायत उत्प्रेरणा र क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु तथा बजेटको व्यवस्था गरेकी छु। कर्मचारी तथा जनप्रतिनिधिहरुको दुर्घटना तथा स्वास्थ्य वीमा लगायतको लागि रकम छुट्याइएको छ।

बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने आदरणिय अध्यक्ष, वडा अध्यक्षहरु, कार्यपालिका सदस्य तथा सभाका सदस्यज्यूहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। बजेटका सम्बन्धमा राजनीतिक दल, निजी क्षेत्र, विकास साझेदार, विभिन्न क्षेत्रका विज्ञ, सञ्चारजगत, राष्ट्रसेवक कर्मचारी र नागरिक समाज लगायत सुझाव दिनुहुने सबै प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। प्रस्तुत बजेटको कार्यान्वयनमा सम्बन्धित सबैबाट रचनात्मक सहयोग प्राप्त हुने अपेक्षा गरेको छु।

धन्यवाद

विष्णुमाया लुङ्चे
उपाध्यक्ष
माथागढी गाउँपालिका